नेपाल सरकार

गृह मन्त्रालय

# नेपाल हज समितिको सचिवालय

**बबरमहल, काठमाण्डौ**

(काठमाण्डौं बाट साउदी अरेवियाको जेद्दा/मक्का मदिना जाने र मदिनाबाट काठमाण्डौंसम्म आउने हजयात्रीहरुको लागि हवाई टिकट आपूर्ति सम्बन्धी विद्युतीय बोलपत्र आव्हानको सूचना)

**सूचना प्रकाशित मितिः: २०७५।११।१२**

**ठेक्का नं. NCB/०७५/०७६/०१**

यस सचिवालयलाई आ.व. २०७५।७६ (सन् २०१९) मा साउदी अरबको मक्का मदिनामा हज गर्न जाने १२१०-१७१० सम्म संख्याका हज यात्रीहरुलाई हजयात्राका लागि आवश्यक पर्ने काठमाण्डौं जेद्दा तथा मदिनासरिफ देखि काठमाण्डौंसम्म दुईतर्फी हवाई टिकटको आपूर्ति गर्न विद्युतीय वोलपत्रको माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ ।वायुसेवा कम्पनीहरु तथा वायु सेवा कम्पनीको आधिकारिक प्रतिनिधि वा ट्राभल एजेन्सीहरुले यो सूचना तथा बोलपत्र फाराममा उल्लिखित शर्त एवं रित पुरा गरी E-bidding मार्फत मात्र सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभसाइट https://bolpatra.gov.np/egp/ बाट download गरि मिति २०७५।१२।१२ गतेसम्म दिनको १२.०० बजे भित्र https://bolpatra.gov.np/egp/ मा upload गरी पेश गर्न आह्वान गरिन्छ ।

**शर्तहरु**

१. बोलपत्र फाराम बापतको रकम नेपाल हज समितिको सचिवालय,बबरमहल काठमाण्डौंको राष्ट्रिय वाणिज्य बैंक सिंहदरवारमा रहेको हि.नं. ११३००००३९६०१ मा रु. १०,०००।(दश हजार मात्र) फिर्ता नहुने गरी जम्मा गरेको सक्कलै भौचर स्क्यान गरी नविकृत फर्म, संस्था वा कम्पनीदर्ता प्रमाणपत्र, आयकर, मूल्यअभिवृद्धि कर दर्ता प्रमाणपत्र तथा आ.व. २०७४-७५ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु १-१ प्रति बोलपत्र फारम साथ upload गर्नुपर्नेछ ।

२. बोलपत्रमा पर्न आएका बोलपत्रहरु ३१ औं दिनको २.०० बजे यस समितिको सचिवालयमा उपस्थित प्रतिनिधिहरुको रोहवरमा खोलिने छ।प्रतिनिधिहरु तोकिएको समयमा उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन ।

३. बोलपत्र दाखिला गर्ने अन्तिम दिन र बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा लगत्तै भोलिपल्ट कार्यालय खुलेको सोही समयसम्म बोलपत्र दाखिला गर्ने र बोलपत्र खोल्ने समय कायम हुनेछ ।

४. बोलपत्र फाराम पेश गर्दा १२०० जनाको लागि कुल कवोल अंकको ३ प्रतिशतले हुन आउने धरौटी रकम यस सचिवालयको नाममा रहेको राष्ट्रिय वाणिज्य वैंक सिंहदरबार शाखामा रहेको खाता नं ११३००००३९६०१ मा जम्मा गरी सोको सक्कलै भौचर वा मान्यता प्राप्त वाणिज्य वैंकबाट यस समितिको नाममा जारी भएको १२० दिन म्याद भएको बिडवण्ड पेश गर्नुपर्नेछ । साथै हजयात्रुहरुको सिट संख्या वृद्धि भई आएको खण्डमा पुनः ३ प्रतिशतले हुन आउने धरौटी रकम जम्मा गर्नुपर्नेछ ।

५. काठमाडौं जेद्दा उडान यही सन् २०१ ९ July १८ देखि July २५ सम्म गर्नुपर्ने र मदिना सरिफबाट काठमाडौ सम्मका लागि Returning Flight, ४२ दिन भित्रमा मिलाउनु पर्नेछ । Returning Flight मदिनासरिफबाट २८ August देखि ०४ September सम्मको हुनुपर्नेछ । बोलपत्र पेश गर्ने एयरलाइन्स/ट्राभलर्स एजेन्सीहरुले उक्त शर्तहरु बमोजिम सेवा प्रदान गर्ने गरी हवाई टिकट उपलब्ध गराउन मन्जुर रहेको अधिकारिक पत्र समेत बोलपत्र फारमसाथ पेश गर्नुपर्नेछ ।

६. सिलबन्दी बोलपत्र खरिद गर्न चाहने एयरलाइन्स/ट्राभलर्स कम्पनीले नेपाल नोटरी पब्लिक परिषद् बाट मान्यता प्राप्त नोटरी पब्लिकबाट आफ्नो संस्था दर्ता तथा व्यवसाय इजाजत सम्बन्धी प्रमाणपत्र, आन्तरिक राजश्व कार्यालयबाट प्राप्त स्थायी लेखा नं . को प्रमाणपत्र र आ.ब. २०७ ४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्रको प्रमाणित छायाँ प्रति संलग्न राखी बोलपत्र फाराम सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभ साइट https://bolpatra.gov.np/egp/ बाट download गरि Upload गर्नुपर्नेछ ।

७. ट्राभलर्स एजेन्सीहरुले बोलपत्र खरिद गर्दा अन्य कागजातका अतिरिक्त सम्बन्धित एयरलाइन्सको इजाजतपत्र र हवाई टिकट उपलब्ध गराउने अधिकारिक पत्र समेत संलग्न राखी पेश गर्नुपर्नेछ ।

८. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु नेपाल हज समितिको कार्यविधि २०७२,सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ।

९. यस सूचना बमोजिम पेश भएका बोलपत्रहरु कुनै कारण जनाई वा नजनाई स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नेपाल हज समितिको कार्यविधि २०७२ अनुसार नेपाल हज समितिका अध्यक्षका साथै उपसमितिमा रहनेछ ।

१०. हज यात्रा अवधिमा मुस्लिम समुदायको इस्लाम धर्म अनुसार प्रतिवन्धित खाद्य तथा पेय पदार्थ प्रयोगमा नल्याउने तथा सबै प्रकारको सूचना प्रशारण गर्ने सुविधायुक्त फ्लाईटलाई प्राथमिकता दिइनेछ ।

११. हाजीहरुको कोटा वृद्धि हुने सम्भावना भएकोले उक्त वृद्धि भएका हाजीहरुलाई सहज रुपमा उडान गराउने काठमाण्डौंबाट बढी उडान भएको एयरलाईन्सलाई ग्राह्यता दिइनेछ । साथै यात्रा अवधिमा र ट्रान्जिटको अवधिमा सम्पूर्ण हाजीहरुलाई खाना र पानीको सुविधा भएको हुनुपर्नेछ ।

१२. बोलपत्र खरिद कर्ता(एयरलाईन्स/ट्राभल्स/टूर्स एजेन्सी)ले लागत स्टीमेट अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

१३. हाजीहरुको लगेज हराएको खण्डमा एयरलाईन्सले पूर्ण क्षतिपूर्ति व्यहोर्नु पर्नेछ ।

१४. हजयात्रीहरुको कोटा वृद्धि भएमा हवाई टिकट आपूर्तिको लागि छनोट गरिएको बोलपत्रदाता पक्षले आफुले बोलपत्रमा कबोल गरेको हवाई भाडादरमा टिकट उपलब्ध गराउनु पर्नेछ ।

१५.विद्युतिय बोलपत्र(E-bidding) सम्बन्धी जानकारी

क) E-bidding मा भागलिने बोलपत्र दाताहरुले सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभ साईट https://bolpatra.gov.np/egp/ बाट सुचना र बोलपत्र सम्बन्धी कागजात download गरि प्राप्त गर्न सकिनेछ । सोही सुचना र बोलपत्र सम्बन्धी कागजात प्रक्रिया र शर्तहरुको परिधिमा रहि बोलपत्र पेश गर्नुपर्नेछ ।

ख) E-bidding मा बोलपत्र साथ पेश गर्नुपर्ने कागजातहरु बोलपत्रमा उल्लेख गरिए अनुरुप सार्वजनिक खरिद अनुगमनको कार्यालयको वेभ साईट https://bolpatra.gov.np/egp/ मा scanned copy upload गर्नुपर्नेछ ।

ग) e-submission गर्ने बोलपत्रदाताहरुले मिति २०७५।१२।१२ गते दिनको १२.०० बजे भित्र अपलोड गरिसक्नु पर्नेछ । upload भएका बोलपत्रहरु सोही दिनको २.०० बजे विद्युतिय रुपमा खोलिने छ । बोलपत्र खोल्ने समयमा विद्युतिय रुपमा पेश गरिएका कागजातपत्रहरुको सक्कलप्रति (hardcopy) पेश नगर्ने बोलपत्रदाताहरुको बोलपत्र मान्य हुने छैन ।

१६. बोलपत्र फाराममा केरमेट भएको ठाउँमा सहिछाप नभएको, सबै आइटमहरुको दररेट नभरेको, कूल रकम अंक र अक्षरमा नलेखिएको, बोलपत्रको सूचना र बोलपत्र सम्बन्धी कागजातमा उल्लिखित सबै रित नपुगेको, धरौटी रकम नभएको वा पुरा नभएको र शर्त राखि पेश गरिएको बोलपत्र मान्य हुने छैन ।

१७.यस सम्बन्धमा थप कुरा बुझ्नुपरेमा यस समितिको सचिवालय वा सचिवालयको फोन नं. ०१-४२२३८८५ तथा ०१४-२२३९१९ मा सम्पर्क गरी बुझ्न सकिने छ ।